# गोदावरी नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन

## २०७५

**प्रस्तावनाः**

ललितपुर जिल्लाको दक्षिण मध्य भेगमा अवस्थित कृषि, पर्यटन एवम् धार्मिक धरोहरयुक्त दक्षिण एशियाकै प्रसिद्ध उत्तर बाहिनी नदीको रुपमा प्रख्यात गोदावरी तीर्थस्थल रहेको गोदावरी नगरपालिका१४ वडामा विभाजित छ। यस नगरपालिकाले ९६.११ वर्ग किमि क्षेत्रफल ओगटेको छ।

ऐतिहासिक, भौगोलिक, जैविक तथा प्राकृतिक सुन्दरतासँगै गोदावरी नगरपालिका विपद्को दृष्टिले जोखिमपूर्ण मानिन्छ । विशेषगरी भूकम्पसँगै महामारी, आगलागी, हुरीवतास, बाढी/पहिरो, जनावर आतंक, सडकदुर्घटना, चट्याङ्ग र वालीनाली नास गर्ने किराहरुको प्रकोपका घटनाबाट गोदावरी नगरपालिका पनि अछुतो रहन सकेको छैन । नगरलाई विविध जोखिमबाट जोगाउन र आपतकालीन व्यवस्थापन गर्न नगरस्तरीय विपद् व्यवस्थापनका लागि ऐन कानुन, निति, नियमको निर्माण गर्नु अपरीहार्य भएको छ। यसै मर्म बमोजिम नेपालको सम्बिधान २०७२ को धारा २२६ को उपधारा १ को अधिकार, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाले **गोदावरी नगरपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न तयार गरेको ऐन २०७५** जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनको नाम गोदावरी नगर विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७५ रहेको छ।

ख) गोदावरी नगरसभाले स्वीकृत गरी नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि यो ऐनको प्रारम्भ हुनेछ ।

**२.परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) **कोष'** भन्नाले यसै ऐनको दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

ख) **प्रमुख'** भन्नाले गोदावरी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

ग)**उपप्रमुख'** भन्नाले गोदावरी नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ।

घ) **'वडा अध्यक्ष'** भन्नाले गोदावरी नगरपालिकाका सबै वडाका अध्यक्षलाई सम्झनुपर्छ।

ङ) **'वडा सदस्य'** भन्नाले गोदावरी नगरपालिकाको प्रत्येक वडाबाट निर्वाचित सदस्यलाई सम्झनु पर्छ।

च)**प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) **गैर प्राकृतिक विपद्**' भन्नाले मानवीय तथा गैरमानवीय कारणले उत्पन्न हुने माहामारी, अनिकाल, डँढेलो,कीट तथा सुक्ष्म जीवाणुआतंक, पशु तथा चराचुरुंगीमा हुने फ्लु, जनावर आतंक, सर्प धंस,सडक,जल, आगलागी, विषाक्त ग्यास/रसायन, ग्यास विष्फोटन, उद्योग कलकारखानाबाट उत्सर्जन हुने जोखिम, विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वनविनाश तथा भौतिक संरचनाको क्षति तथा विपद् उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न हुने विपद्लाई सम्झनु पर्छ ।

ज) **जिल्ला विपद् व्यवस्थापन समिति'** भन्नाले संघीय ऐनको दफा १६ बमोजिम (गोदावरी नगरपालिका रहेको)ललितपुर जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

झ) **तोकिएको वा तोकिए बमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ञ) **प्रदेश विपद् व्यवस्थापन समिति'** भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं ३ (गोदावरी नगरपालिका रहेको प्रदेश नं ३) मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

छ)

ट)**'प्राकृतिक विपद्'**भन्नाले भूकम्प, असिना, अतिबृष्टि, अनाबृष्टि, बाढी, पहिरो तथा खडेरी, हुरी बतास, चट्याङ्ग, , डँढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न हुने जुनसुकै विपद् सम्झनु पर्छ।

ठ)**'राष्ट्रिय कार्यकारी समिति'** भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको राष्ट्रिय कार्यकारी समिति सम्झनु पर्छ।

ड) **'राष्ट्रिय परिषद'** भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन राष्ट्रिय परिषद सम्झनु पर्छ।

ढ) **'राष्ट्रिय प्राधिकरण'** भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन राष्ट्रिय प्राधिकरण सम्झनु पर्छ।

ण) **'विपद्'** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पु¥याउने प्राकृतिक वा गैह्र प्राकृतिक विपद् सम्झनु पर्छ ।

त) **'विपद् खोज तथा उद्धार समुह'** भन्नाले विपद्को अवस्थामा खोज तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टिकृत खोज उद्धार समुहलाई सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

थ)**'विपद् जोखिम न्युनीकरण'** भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन,विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्युनीकरण तथा व्यवस्थापन कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

द) **'विपद् व्यवस्थापन'** भन्नाले विपदपूर्व, विपद्को समय र विपद्पश्चात गरिने कार्य जस्तै; न्युनीकरण, पूर्वतयारीका कार्य,विपद् प्रतिकार्य, र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनुपर्छ।

ध) **'विपद् पुनर्लाभ'** भन्नाले विपद् पश्चात गरिने पुनर्स्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

न) **'विपद् प्रतिकार्य'** भन्नाले विपदको समयमा गरिने कार्य सम्झनु पर्छ । यस अन्तर्गत विपद्का घटना लगत्तै गरिने उद्धार,खोजीकार्य र आपत्कालीन राहतसँग सम्बन्धित कामलाई बुझाउँछ ।

प) **'प्रतिकार्यको पूर्वतयारी'** भन्नाले उद्धार,खोजीकार्य र आपत्कालीन राहत व्यवस्थापनका लागि गरिने पूर्वतयारीलाई सम्झनु पर्छ ।

फ) **'विपद् व्यवस्थापन शाखा'** भन्नाले गोदावरी नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन हेर्न तोकिएको शाखालाई सम्झनु पर्छ ।

ब) **'समिति'** भन्नाले गोदावरी नगरपालिकामा गठित नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

भ) **'संघीय ऐन'** भन्नाले नेपाल सरकारको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ लाई सम्झनुपर्छ ।

म) **'व्यवसायिक प्रतिष्ठान'** भन्नाले गोदावरी नगरपालिका भित्र रहेका उद्योग, कलकारखाना, सिनेमा हल, विक्रि कक्ष लगायत सरकारले तोकिएका नीजि व्यवसायहरुलाई सम्झनु पर्छ ।

य) **'संघीय मन्त्रालय'** भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालयलाई सम्झनुपर्छ ।

र) **'सार्वजनिक संस्था'** भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान रप्रचलित कानुन बमोजिमनेपाल सरकारले तोकेका गोदावरी नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका सार्वजनिक संस्था एवम् आयोग समेतलाई सम्झनु पर्छ ।

ल) **'सुरक्षित विद्यालय'** भन्नाले बृहत्तर विद्यालय सुरक्षा ढाँचा बमोजिम निर्माण भएका विद्यालयलाई सम्झनु पर्दछ ।

व) **'गैरसरकारी संस्था'**भन्नाले संघसंस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई  गोदावरी नगरपालिकामा सुचिकृत गैरसरकारी संस्थालाई सम्झनु पर्दछ ।

श) **'सामुदायिक विपद् व्यवस्थापन समिति'** भन्नाले सुरक्षित समुदायका लागि संकटासन्न समुदायमा सामूहिक भेलाबाट गठन भएको सामुदायिक विपद् व्यवस्थापन  समिति भन्ने सम्झनु पर्छ ।

ष)**'विपद् ब्यवस्थापन सम्पर्क व्यक्ति'** भन्नाले नगरस्तरीय विपद् ब्यवस्थापन कार्यलाई प्रभावकारी रुपले सञ्चालन गर्न स्थानीय विपद् ब्यवस्थापन समितिले तोकेको ब्यक्तिलाई सम्झनु पर्छ । सम्पर्क व्यक्ति तोक्दा स्थानीय ब्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

स)**'एकद्वार प्रणाली'** भन्नाले राहत वितरणमा नगरपालिकाको एकद्धार प्रणालीलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## गोदावरी नगरपालिका  विपद् ब्यवस्थापन समितिको गठन तथा काम, कर्तब्य र अधिकार

### ३) नगर विपद् ब्यवस्थापन समिति गठनः

**(क)** गोदावरी नगरपालिका क्षेत्रभित्रको  विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी र दिगोरुपमा सञ्चालन गर्न एक अधिकार सम्पन्न नगर विपद् ब्यवस्थापन समिति रहनेछ ।

**ख) समितिको गठन देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| १) गोदावरी नगरपालिकाका प्रमुख | संयोजक |
| २) गोदावरी नगरपालिकाका उप-प्रमुख | सह - संयोजक |
| ३) गोदावरी नगरपालिकाका सबै वडा अध्यक्षहरु | सदस्य |
| ४)विषयगत समितिका संयोजकहरु | सदस्य |
| ५)जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |

| | |
|---|---|
| ६) वातारण तथा विपद् शाखा प्रमुख | सदस्य |
| ७) गोदावरी नगरपालिका,सम्बन्धित विषयगत शाखा प्रमुख | सदस्य |
| ८) भौतिक तथा पुर्वाधार शाखा प्रमुख | सदस्य |
| ९)नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १०) नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ११)नगर प्रहरी प्रमुख | सदस्य |
| १२) नगरपालिका स्थित राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुख वा प्रतिनिधि | सदस्य |
| १३)नेपाल रेडक्रस सोसाइटीका १ जना स्थानीय प्रतिनिधि | सदस्य |
| १४) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गोदावरी नगर अध्यक्ष वा निजले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| १५) गैरसरकारी संस्था महासंघको स्थानीय प्रतिनिधि १ जनासदस्य | |
| १६) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि १ जना | सदस्य |
| १७) गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रमसंख्या १०, ११, १२, १३, १४ र १५ का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम काम कारवाही गर्नमा कुनै असर पर्ने छैन ।

घ) उपदफा (ख) बमोजिम गठित समितिले संघीय ऐनको दफा १७ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको रुपमा कार्य गर्नेछ ।

## ४.समितिको बैठक सम्बन्धी व्यवस्था

**क**) संयोजकले तोकेको स्थान, समय र मितिमा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्नेछ ।

ख) बैठक बस्ने मिति,समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सहितको सूचना समितिका सबैलाई सदस्य सचिवले दिनेछ ।

ग) सदस्य सचिवले समितिका पदाधिकारीहरु र सदस्यहरुलाई बैठकको सूचना सामान्यतया ३ दिन अघि नै दिनुपर्नेछ ।

घ) बैठकमा ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि विपद्को समय वा यस्तै आपतकालीन अवस्थामा समितिको बैठक तत्काल बोलाउन आवश्यक देखिएमा समितिको संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ । यस्तो अवस्थामा संयोजक सहित समितिको २ जना सदस्य उपस्थित भएमा बैठक बस्न र निर्णय गर्न कुनै बाधा हुनेछैन । तथापि सो निर्णयलाई समितिको अर्को पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

च) समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजकको अनुपस्थितिमासह संयोजकको अध्यक्षतामा बैठकबस्नेछ।

छ) समितिको निर्णय बहुमतद्वारा हुनेछ तर मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

ज) समितिले आवश्यकता बमोजिम सम्बन्धित निकाय र सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

झ) प्रत्येक बैठकको निर्णय लिपिबद्ध रुपमा अभिलेखीकरण गर्नुपर्नेछ ।

ञ) बैठकको निर्णय संयोजकबाट प्रमाणित गरी अभिलेखीकरण गर्ने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

## ५.समितिको काम, कर्तब्य र अधिकार

**स्थानीय विपद् ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) विपद् ब्यवस्थापनका सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्ने,

ख) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको ब्यवस्था मिलाउने र आवश्यकता अनुसार खोजी कार्यमा तिब्रता दिने,

ग) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने स्थानीय बस्तीहरुमा विपद् प्रति सचेत बनाउन विपद् जोखिम ब्यवस्थापन योजना तर्जुमा गर्ने तथा विपद्का घटना घट्नासाथ प्रतिकार्यका लागि परिचालन गर्नेगरी नगरपालिका, वडा तथा समुदास्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

घ) विपद् ब्यवस्थापनको बारेमा संघीय तथा प्रादेशिक कानून र नीति निर्देशिकाको अधीनमा रही सबै प्रकारका संघसंस्था तथा सरोकारवालाहरुको भुमिका निर्धारण गरी त्यस्ता निकाय,संघसंस्था र

सरोकारवालाहरुद्वारा तयार गरिने नीति योजना र कार्यक्रमहरुमा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न प्रोत्साहन गर्ने,

ङ) विपद् व्यवस्थापन सम्बन्धी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, दातृ निकाय, नागरिक समाज तथा व्यक्तिबाट प्राप्त हुने राहत, पुनर्निर्माण, पुनर्लाभ तथा पुनर्स्थापनाका विषयवस्तुलाई नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार वितरण, परिचालन तथा व्यवस्थापन गर्ने, गराउने,

च) विपद्को समयमा जोखिममा रहेका संकटासन्न समुह खासगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा जोखिममा रहेका व्यत्तिहरु माथि सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, बेवास्ता तथा बेचविखनको रोकथामको लागि सतर्कता अपनाउन सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने,

छ) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी नगरपालिका स्तरीय विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने,

ज) नगरपालिकाका पदाधिकारी कर्मचारी, स्वयमसेवक, सामाजिक परिचालक, विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, कार्यदलका सदस्यहरु र समुदाय समेतलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने प्रबन्ध मिलाउने,

झ) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य विविध कार्य गर्ने, गराउने,

ञ) गोदावरी नगर सभाबाट स्वीकृत नीति, रणनीति र निर्देशिकाहरुको मातहतमा रही विपद् जोखिम न्युनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति योजना कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

ट) स्थानीयस्तरमा रहेको निजी तथा सार्वजनिक क्षेत्रबाट विद्यमान सेवा प्रवाहमा बाधा व्यवधान आएमा सो सेवाको अटुट निरन्तरताका लागि योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने,

ठ) नगरपालिका क्षेत्रभित्र रहेका नदीकिनार, बगर, पहिरो, सम्भावित जमिन, नदीकटान हुने क्षेत्र, डँढेलोग्रस्त क्षेत्र र यस्तै प्रकारका जोखिमयुक्त क्षेत्रमा बसोबास गर्न बाध्य समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न उपयुक्त र सुरक्षित स्थानको खोजी गरी स्थानान्तरण गर्न अग्रसर गर्ने,

ड). विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्ने, गराउने,

ढ) नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यालय सुरक्षा ढाँचामा आधारित निर्माण तथा पुनर्निर्माण गर्ने, गराउने,

ण) नरपालिकाका जोखिमपूर्ण टोल र बस्तीहरु पहिचान गरी प्रत्येक टोल र बस्तीको जोखिम नक्शाङ्कन गर्ने,

त) नगरपालिकाका जोखिमपूर्ण टोल र बस्तीहरुमा विपद् प्रतिकार्यका लागि कृत्रिम घटना अभ्यास सञ्चालन गर्ने, गराउने,

थ) आपतकालीन प्रतिकार्यमा प्रयोग गर्न सकिने गरी खोज उद्धार उपकरण तथा सामग्री, एम्बुलेन्स, दमकल जस्ता अत्यावश्यक उपकरण तथा सामग्रीहरुको ब्यवस्थापन तथा भण्डारण गर्ने, गराउने

द) नगरपालिकामा स्थानीय विपद् ब्यवस्थापन समितिको मातहतमा सञ्चालन हुनेगरी स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने,

ध) नगरपालिकास्तरीय विपद् सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने

न) नगरपालिकास्तरीय विपद् पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गर्ने, गराउने,

प) विपद्को समयमा काम गर्ने खोज तथा उद्धार समुहको अनिवार्य निर्जीवन ( दुर्घटना ) वीमा गर्ने,

फ) विपद्को समयमा खोजउद्धार र राहत लगायतका प्रतिकार्यका प्रारम्भिक कार्यहरु शिघ्र सञ्चालनका लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधी, मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने, गराउने,

ब) विपद्को समयमा नगरपालिका भित्र उपलब्ध आमसञ्चार माध्यमको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

भ) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

म) अग्नि नियन्त्रणका लागि नगरपालिकाका बाक्लो बस्ती र वनक्षेत्र भित्रका स्थानहरुमा प्लाष्टिक पोखरीको व्यवस्था गर्ने र विद्यमान पोखरी, कुवा र ईनारहरुको संरक्षण गर्ने,

य) विपद् ब्यवस्थापनका कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिका र वडामा विपद् ब्यवस्थापन सम्पर्क व्यक्ति तोक्ने,

र) विपद् प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाको चरणमा महिलाहरु माथि हुनसक्ने हिंसाका घटना रोक्नका लागि प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाका हरेक गतिविधिमा महिलाहरुको सहभागिता र नेतृत्वदायी भुमिका सुनिश्चित गर्ने,

व) नगरपालिकामा विपद् ब्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System) लाई प्रभावकारी बनाउन नगरस्तरीय विपद् ब्यवस्थापन पोर्टल स्थापना र सञ्चालन गर्ने,

श) विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापनका कार्यलाई प्रभावकारी रुपले सञ्चालन गर्न नगरपालिकामा विपद् ब्यवस्थापन तथा वातावरण शाखालाई क्रियाशिल गर्ने,

स) निजी क्षेत्रसँगको समन्वय र साझेदारीमा विपद् जोखिममा रहेका ब्यक्ति, पशु चौपाया र बाली संरक्षणका लागि सुरक्षा वीमा कार्यक्रम सञ्चालन गर्ने,

ष) स्थानीय विपद् ब्यवस्थापन समितिको मातहतमा रही  विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाको समयमा परिचालन गर्नेगरी स्थानीय आवश्यकता अनुसार विभिन्न कार्यदलहरुको गठन गर्ने,

ह) नगरपालिका क्षेत्रभित्रकासंस्थागत विद्यालयमा सुरक्षित विद्यालय कार्यान्वयनका लागि सहजीकरण गर्ने, गराउने,

## परिच्छेद ३

## वडास्तरीय विपद् ब्यवस्थापन समितिको गठन तथा काम, कर्तब्य र अधिकार

### ६.वडास्तरीय  विपद् ब्यवस्थापन समितिको गठन

(क) नगरपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् ब्यवस्थापन समिति रहनेछ ।

ख) वडास्तरीय विपद् ब्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

१) वडा अध्यक्ष — संयोजक

२) वडा सदस्यहरु — सदस्य

३) वडाभित्र रहेका विषयगत शाखा र इकाई कार्यालय प्रमुखहरु — सदस्य

४) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरु — सदस्य

५) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्तरीय प्रमुख वा प्रतिनिधि — सदस्य

६) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि — सदस्य

७) वडामा क्रियाशिल गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाका

संयोजकले तोकेको २ महिला सहित ४ जना — सदस्य

८) वडाभित्र क्रियाशील महिला समुह तथा आमा समुहका प्रमुख वा प्रतिनिधि मध्ये संयोजकबाट मनोनित १ जना — सदस्य

९) सामुदायिक विपद् व्यवस्थापन समितिहरुबाट संयोजकद्वारा मनोनित २ जना — सदस्य

वडा भित्र रहेका स्थानीय सञ्चारकर्मीहरु मध्येबाट १ जना — सदस्य

१०) वडा सचिव — सदस्य सचिव

## ७.बैठक सम्बन्धि व्यवस्था

क) उपदफा ख बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ख) बैठक बस्ने मिति,समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सहितको सूचना समितिलाई सदस्य सचिवले दिनेछ ।

ग) सदस्य सचिवले समितिका पदाधिकारीहरु र सदस्यहरुलाई बैठकको सूचना सामान्यतया ३ दिन अघिदिनुपर्नेछ।

घ) बैठकमा ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

ङ).. उपदफा ग र घ मा जुनसकै कुरा लेखिएको भएतापनि विपद्को समय वा यस्तै आपतकालीन अवस्थामा समितिको बैठक तत्काल बोलाउन आवश्यक देखिएमा समितिको संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्ने छन् । यस्तो अवस्थामा संयोजक सहित समितिको २जना सदस्य उपस्थित भएमा बैठक बस्न र निर्णय गर्न कुनै बाधा हुनेछैन ।

च) समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजकको अनुपस्थितिमा जेष्ठ वडासदस्यको अध्यक्षता बैठक बस्नेछ ।

छ) समितिको निर्णय बहुमतद्धारा हुनेछ तर मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

ज) समितिले आवश्यकता बमोजिम सम्बन्धित निकाय र सम्बन्धित विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

झ) प्रत्येक बैठकको निर्णय लिपिबद्ध रुपमा अभिलेखीकरण गर्नुपर्नेछ ।

ञ) बैठकको निर्णय संयोजकबाट प्रमाणित गरी अभिलेखीकरण गर्ने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

## ८.वडास्तरीय  विपद् व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार

क) वडा विपद् व्यवस्थापन समितिको नियमित बैठक सञ्चालन गर्ने र बैठकका निर्णयहरुको अभिलेखीकरण गर्ने,गराउने ।

ख) विपद्को समयमा उच्च जोखिममा रहेका समुदाय प्रमुखरुपमा महिला, बालबालिका, किशोरी, गर्भवती तथा प्रसुती महिलाहरु, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरु उपर हुनसक्ने हिंसा तथा दुर्व्यवहार र शोषणको रोकथाम र न्युनीकरणका लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ग) वडास्तरीय विपद् व्यवस्थापन समिति र विभिन्न कार्यदलका सदस्यहरुको क्षमता विकासका लागि विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन तालिम सञ्चालन तथा पुनर्ताजगी गर्ने, गराउने ।

घ) वडास्तरीय विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्ने, गराउने ।

ङ) नगरपालिकाका प्रत्येक वडा भित्र विपद् प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रम सन्चालन गर्न गोदावरी नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने र उक्त समितिबाट स्वीकृत ऐन, कानुन, नीति र निर्देशिका बमोजिमका कार्यक्रमको कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने ।

च) प्रत्येक वडामा विपद् व्यवस्थापन समितिको मातहतमा रही कार्यसम्पादन गर्नेगरी विभिन्न कार्यदलहरुको गठन गरी तिनीहरुको क्षमता विकासका लागि विपद् व्यवस्थापन तालिम कार्यक्रम सञ्चालन  तथा पुनर्ताजगी गर्ने ।

छ) प्रत्येक वडाका संकटासन्न बस्तीहरुको पहिचान गरी उक्त बस्तीहरुको जोखिम नक्शांङ्कन गर्ने ।

ज) प्रत्येक वडाहरुमा तोकिएको ढाँचामा केन्द्रित रही विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गरी वडा बैठकबाट स्वीकृत गराई नगरसभामा पेश गर्ने ।

झ) वडास्तरीय विपद् जोखिम न्युनीकरणका लागि नगरपालिकासँग आवश्यक बजेट माग गर्ने ।

ञ) वडाभित्र विकास निर्माणका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम न्युनीकरण मुलप्रवाहीकरण भएको सुनिश्चित गर्ने ।

ट) विद्यालय, स्वास्थ्य चौकी तथा अस्पतालको सुरक्षाको लागि विपद् जोखिम न्युनीकरणका कार्यक्रमहरुको कार्यान्वयन गर्ने, गराउने  ।

ठ) वडाभित्रका नदी तथा पहिरो नियन्त्रणका लागि दिगो भूव्यवस्थापन तथा जैविक प्रविधि विस्तारका कार्यक्रम सञ्चालन गर्ने ।

ड) वडास्तरिय विपद् व्यवस्थापन योजना, आपतकालीन पूर्वतयारी योजना तथा भु-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने ।

ढ) विपद्को समयलाई प्रभावकारी रुपले व्यवस्थापन गर्न कृत्रिम घटना नमूना अभ्यास गर्ने, गराउने ।

ण) विपद् पूर्वतयारी, आपतकालीन प्रतिकार्य तथा पुनर्लाभका कार्यक्रमहरुको सञ्चालन र अनुगमनका लागि विभिन्न संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्ने, गराउने ।

त) विपद् प्रभावितहरुको उत्थानशीलताका लागि प्रकोपग्रस्त क्षेत्रमा आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्ने, गराउने ।

थ) नगरपालिकाका प्रत्येक वडामा विपद् हुनासाथ खोजउद्धार र राहतका कार्यलाई यथाशिघ्ररुपमा सञ्चालन गर्न र घाइतेहरुको प्राथमिक उपचार गर्न विभिन्न सरोकारवालासँग समन्वय गर्ने, गराउने ।

द) आपतकालीन समयमा उपलब्ध सूचना र तथ्याङ्कहरुको प्रमाणीकरण सहित वडा कार्यालयले श्रोत खुलाएर सम्बन्धित निकायमा पेश गर्ने ।

ध) विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु वडाका उपयुक्त बस्तीहरुमा भण्डारण गर्ने।

न) वडा कार्यालयमा वडा सदस्यहरु मध्येबाट एक जना सदस्यलाई विपद् व्यवस्थापन सम्पर्क सदस्य तोक्ने ।

प) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

फ) वडा भित्रका संकटासन्न बस्ती र समुदायको पहिचान गरी ती समुदायमा आवश्यकता अनुसार सामुदायिक विपद् व्यवस्थापन समिति गठन गर्ने ।

ब) प्रत्येक सामुदायिक विपद् ब्वस्थापन समितिलाई वडा कार्यालयमा सुचिकृत गर्ने, गराउने ।

भ) सामुदायिक विपद् व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरुको क्षमता विकासका लागि विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन तालिम सञ्चालनका लागि नगरपालिकासँग आवश्यक श्रोत माग गर्ने र अन्य संघसस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

## परिच्छेद ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

### ९.सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय

क) नगरपालिकाले विपद् ब्यवस्थापनको कार्यमा संघीय सरकार र प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायलाई सहयोग र समन्वय गर्नेछ ।

ख) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगरपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्मका सामग्रीहरुतत्काल उपलब्ध गराउनुपर्नेछ ।

ग) विपद् प्रतिकार्यका लागि नगरपालिकासँग उपलब्ध भएमा नगर प्रहरीलाई परिचालन गर्नेछ।

## १०.बारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तब्य र अधिकार

क) बारुणयन्त्र, एम्बुलेन्स जस्ता सेवाप्रदायकले आपतकालीन खोजउद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

ख)आपतकालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनैपनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै ब्यक्ति र संस्थाको साधन श्रोतको उपयोग गर्ने अधिकार प्रचलित ऐन कानुन बमोजिम बारुण यन्त्र सेवा प्रदायकलाई हुनेछ ।

ग) बारुणयन्त्र, एम्बुलेन्स जस्ता आपतकालीन उपकरणमा नगरभित्रका सबै नागरिकको समान पहुँच सुनिश्चित हुनु पर्नेछ ।

घ) यस्ता आपतकालीन सामग्रीहरु २४ सै घण्टा तयारी अवस्थामा राख्नुपर्नेछ ।

**११.सार्वजनिक संस्था तथा ब्यवसायिक संस्थानको दायित्वः** विपद् ब्यवस्थापन सम्बन्धमा नगरपालिका भित्रका सबै सार्वजनिक संस्थाहरु तथा ब्यवसायिक प्रतिष्ठानको भूमिका देहाय बमोजिम हुनेछ ।

क) आफ्नो भवन,उद्योग,कार्यालय वा ब्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार तथा उपकरण,सामग्री,आपतकालीन निकाश लगायत तोकिए बमोजिमका अन्य ब्यवस्थागर्ने ।

ख) तथ्याङ्क तथा सूचना सङ्कलन, क्षतिको मुल्याङ्कन र विश्लेषण, राहत ब्यवस्थापन तथा भण्डारण,पुनर्स्थापना, पुनर्निर्माण लगायतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने ।

ग) आफ्ना कर्मचारी तथा कामदारको क्षमता विकास गर्न विपद् ब्यवस्थापन सम्बन्धी अभिमुखीकरण गर्ने, ।

घ) विपद् ब्यवस्थापन कार्यमा उपयोग हुने श्रोत साधनलाई तयारी अवस्थामा राख्ने ।

ङ) आफ्नो भवन सहित अन्य संरचना आपतकालीन प्रयोजनकालागि आवश्यक परेमा आदेश अनुसार उपलब्ध गराउने ।

च) सम्बन्धित अधिकारीको अनुगमन सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने ।

छ) नगरस्तरीय विपद् जोखिम न्युनीकरण संयन्त्रको गठन गरी तयारी अवस्थामा राख्ने ।

ज) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकायमा खबर गर्ने र उद्धार कार्यमा सघाउने ।

झ) नगरपालिका भित्रका सार्वजनिक संस्थान तथा व्यवसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको मातहतमारही स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी अनिवार्यरुपमा कार्यान्वयन गर्ने गराउने ।

## १२.विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने

नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संघसंस्थाहरु, स्थानीय तथा सामुदायिक संघसंस्था,समुदाय,स्वयमसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहाय बमोजिमका सहयोग गर्नुपर्नेछ ।

क) तथ्याङ्क तथा सूचना सङ्कलन, क्षतिको मुल्याङ्कन र विश्लेषण, राहत व्यवस्थापन तथा भण्डारण, पुनर्स्थापना, पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्य,

ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धि गर्न,

ग) क्षमता विकास, सम्बन्धी क्रियाकलापमा सहभागिता जनाउन,

घ) आपतकालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहभागीता जनाउन ।

ङ) आपतकालीन प्रतिकार्यमा सहयोग गर्न ।

च) विपद् पूर्वतयारीका क्रियाकलापहरुमा जनसहभागिता बढाउन ।

छ) विपद् जोखिम न्युनीकरणका क्रियाकलाप सञ्चालन गर्न ।

# परिच्छेद ५ विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

## १३) विपद् व्यवस्थापन कोष

(क).विपद् व्यवस्थापनका लागि नगरपालिकाले छुट्टै कोषको स्थापना र सञ्चालन गर्नेछ ।

ख) विपद् व्यवस्थापन कोषमा देहाय बमोजिमको कोष रहनेछ ।

१)नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी छुट्याइएको स्वीकृत रकम ।

२) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ।

३) संघीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ।

४) विभिन्न व्यक्ति, संघ संस्थाहरु, दात्रृ निकायहरुबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ।

५) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानुन बमोजिम विशेष शुल्क वा सहयोग दस्तुर सङ्कलन गरी विपद् व्यवस्थापन कोषमा दाखिला गरेको रकम

६. कोष" विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

७) कोषको रकम विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका क्रियाकलापमा मात्र खर्च गर्न सकिनेछ ।

८)विपद् व्यवस्थापन कोषको रकम नियमित प्रशाशनिक वा कार्यालय व्यवस्थापन कार्यको लागि खर्च गर्न पाइने छैन ।

९) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

१०) समितिले कोषको वार्षिक आयव्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभामा पेश गर्नु पर्नेछ ।

११) विपद् व्यवस्थापन कोषको रकम विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनर्स्थापनाका क्रियाकलाप बाहेक अन्य शीर्षकमा रकमान्तर गर्न पाइने छैन ।

## परिच्छेद ६

## कसुर तथा सजाय

**१४.कसुर तथा सजायः**कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाइदा लिने दिने गरीवा आफूलाई मात्र फाइदा पुग्ने गरी कुनै काम गरेमा वा त्यस सम्बन्धमा संघीय कानुन बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा त्यस सम्बन्धी कारवाही संघीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद७

## विविध

### १५.विपद् संकटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः

(क) नेपाल सरकारले नगरपालिका भित्रका कुनै स्थानमा गम्भिर प्रकृतिको विपद् उत्पन्न भएमा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुन बमोजिम कुनै काम गराउन आदेश दिएमा सोको पालना गर्नु, गराउनु नगरपालिकाको कर्तब्य हुनेछ ।

ख) उपदफा क बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम कुनै काम गराउन नगरपालिका भित्रको कुनै ब्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न, गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

ग) उपदफा (क) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रचारप्रसारमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

### १६.स्थानीय सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नुपर्ने

(क) प्रकोपबाट असर परेको कुनै क्षेत्रमा प्रतिकार्य पुनर्लाभ तथा पुनर्स्थापनाका क्रियाकलापहरु सञ्चालन गर्न विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा स्थानीय सरकारको स्वीकृति लिए नलिएको विषयमा नगरपालिकाले सोध, खोज र निगरानी गर्न सक्नेछ । यदि स्थानीय सरकारको स्वीकृति नलिएको पाइएमा त्यस्तो नागरिक वा संस्थालाई नगरपालिकाले प्रभावित क्षेत्र प्रवेशमा रोक लगाईउक्त सूचना नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

### १७.मानवीय तथा अन्य सहायता र समन्वयः

(क) नगरपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक तथा स्थानीय श्रोत र साधनले नभ्याएमा मानवीय तथा अन्य सहायताका लागि ललितपुर जिल्ला समन्वय समिति, जिल्ला विपद् ब्यवस्थापन समिति, प्रदेश सरकार तथा नेपाल सरकार लगायत अन्य सम्बन्धित निकायमा अनुरोध गर्न सक्नेछ।

ख) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने शिलशिलामा नेपाल सरकारले अन्तराष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेमा नेपाल सरकारको निर्देशनमा रही त्यस सम्बन्धी कार्यमा सहयोग, समन्वय र सहकार्य गर्नुपर्नेछ ।

ग) नगरपालिकाको छिमेकी गाउँपालिका वा नगरपालिकामा कुनै विपद् उत्पन्न भएमा उक्त विपद् ब्यवस्थापनमा छिमेकी स्थानीय तहले सोझै जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु नगरपालिकाको दायित्व हुनेछ ।

### १८.तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिनेः

(क) विशेष परिस्थिति सृजना भई प्रभावित क्षेत्रमा प्रतिकार्य गर्न तथा विद्यमान प्रकोपको रोकथाम गरी थप क्षति हुन नदिनका लागि तत्काल राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक परेमा नगरपालिकाद्वारा स्वीकृत सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

ख) विपद्बाट प्रभावित क्षेत्रमा प्रतिकार्य गर्न तथा विद्यमान प्रकोपको रोकथाम गरी थप क्षति हुन नदिनका लागिनगरपालिका र नगर क्षेत्रभित्रका कुनै सरकारी, गैरसरकारी निकायको कार्यालय वा अन्य विभिन्न संघसंस्था र उनीहरुको चल, अचल सम्पत्ती तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा आवश्यक समन्वय गरी त्यसको अभिलेख राखी तोकिएको समयावधि सम्मका लागि प्रयोग गर्न सक्नेछ ।

ग)विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रका कुनै सरकारी, गैरसरकारी निकायको कार्यालय वा अन्य विभिन्न संघसंस्था र व्यक्तिकोगैरखाद्य सामग्री आवश्यक भएमा आवश्यक समन्वय गरी सोको अभिलेख राखी प्रभावितहरुलाई वितरण गर्न सक्नेछ ।

## **१९.राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः**

(क) विपद् प्रभावित व्यक्ति, संघसस्था र निकायलाई संघीय तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

ख) उपदफा कअनुसार गोदावरी नगरपालिकाले विपद् प्रभावित व्यक्ति, संघसस्था, निकाय तथा समुदायलाई राहत उपलब्ध गराउँदा नगरपालिकाको राहत मापदण्ड निर्माण गरी उक्त मापदण्डको आधारमा राहत वितरण गर्नुपर्नेछ

ग) उपदफा खअनुसारको राहत मापदण्डमा अन्य विषयका साथै देहायका विषय समावेश गरिएको हुनुपर्नेछ ।

१) विपद्बाट प्रभावित व्यक्ति, संघसस्था, निकाय तथा समुदायलाई अस्थाई आश्रयस्थलमा राख्दा आवश्यक पर्ने आवास,खाद्यान्न, स्वच्छ पिउने पानी, सुरक्षा, स्वास्थ्य तथा सरसफाई सम्बन्धी कुराहरु उपलब्ध गराउनु पर्नेछ ।

२) विपदका घटनाबाट कसैको मृत्यु भएमा मृतकको परिवार तथा सम्पत्तीको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्युनतम राहत सम्बन्धी कुराहरु,

३)महिला, बालबालिका, किशोरी, जेष्ठ नागरिक,गर्भवती, सुत्केरी, तथा अपाङ्गता भएका मानिसहरुको विशेष आवश्यकता सम्बोधन हुने किसिमले राहतका प्याकेजहरु -जस्तै स्यानीटरी प्याड, बेबी कीट, डीग्नीटी कीट जस्ता सुरक्षित महिला  तथा बालमैत्री स्थल,पोषणयुक्त खाद्यान्न तयार गरी उपलब्ध गराउनुपर्नेछ ।

४) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी कुराहरु

५) आधारभुत राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट विपद् प्रभावितहरुको जीविकोपार्जन सम्बोधन गर्ने कुराहरु

६)गैरसरकारी संघसंस्था वा व्यक्तिगत रुपमा दिइने राहतको अभिलेख

७) एकद्वार प्रणाली अनुरुप राहत वितरण सम्बन्धी मापदण्ड

८) नगरपालिकाले यसरी राहत वितरण गर्दा स्फेयर मापदण्डलाई आधार मानी वितरण गर्नुपर्नेछ ।

९) राहत वितरण गर्दा संकटासन्न समुहमा रहेका महिला, दलित, आदिवासी, गर्भवती, सुत्केरी, बालबालिका, किशोरी, अपाङ्गता भएका र जेष्ठ नागरिक हरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

१०) राहत वितरणमा क्षति तथा आवश्यकता विश्लेषण कार्यदलको प्रतिवेदनलाई आधार मान्नुपर्नेछ ।

११) स्थानीय सरकारको स्वीकृति विना कुनै व्यक्ति, तथा संघसंस्थालाई घटनास्थल प्रवेश गरी राहत वितरणमा रोक लगाउने ।

## २०.विपद्मा परि हराएका वा नभेटाइएका कागजात सम्बन्धमाः

(क) विपद्मा परी हराएर फेला पर्न नसकेका, जलेर वा पुरिएर आंशिक वा पूर्णरुपले क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणिकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था स्थानीय सरकारको प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

ख) विपद्मा परी हराएर फेला पर्न नसकेका, जलेर वा पुरिएर आंशिक वा पूर्णरुपले क्षति भएका प्रभावित व्यक्ति, परिवार, विषयगत निकाय तथा संघसंस्थाहरुका महत्वपूर्ण कागजातहरुसम्बन्धित वडाकार्यालय आफैंले आवश्यक पुरा गरी बढीमा ७ दिन भित्रमा उपलब्ध गराउनु पर्ने छ र नगरपालिकाले उपलब्ध गराउनु पर्ने कागजातहरुको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा आवश्यक छानविन गरी सत्यतथ्य पुष्टि भएमा १५ दिन भित्रमा प्रतिलिपि उपलब्ध गराइनेछ ।

## २१.निर्देशन दिन सक्नेः

स्थानीय विपद् व्यवस्थापन समितिले यस ऐनको मातहतमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति तथा निकायको कर्तब्य हुनेछ ।

## २२.उपसमिति गठन गर्न सक्ने

(क) स्थानीय विपद् व्यवस्थापन समितिले नगरपालिका क्षेत्रको विपद् व्यवस्थापन कार्यमा क्रियाशील रहनका लागि आवश्यकता बमोजिम उपसमिति गठन गर्न सक्नेछ ।

ख)उपदफा (क) बमोजिमगठन हुने उपसमितिको काम, कर्तब्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

## २३.अभिलेख राख्नुपर्ने

(क) विपद्को समयमा आपतकालीन राहत, पुनर्लाभ र पुनर्स्थापना उपलब्ध गराउने ब्यक्ति, सरकारी, गैरसरकारी संघसंस्थाहरुको नाम,ठेगाना, तथा उनीहरुले उपलब्ध गराउने राहत लगायत सेवा सुविधा, तथा उक्त सामग्रीको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था स्थानीय विपद् व्यवस्थापन समितिले मिलाउनुपर्नेछ र प्रत्येक वर्ष यस्ता विवरणहरु अद्यावधिक गर्दै जानुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको विवरण राख्दा विपद् तथा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला, बालबालिका, किशोरी, दलित, अपाङ्गता भएका नागरिकहरु, गरीब तथा जेष्ठ नागरिक, विपद्का कारण विस्थापित परिवारहरुको संख्या यकिन हुने विवरण तथा उनीहरुलाई उपलब्ध गराइएको राहत सहितको विवरण उल्लेख गनुपर्नेछ।

**२४.पुरस्कार दिनसक्ने:**स्थानीय विपद् व्यवस्थापन क्षेत्रमा ३ वर्षदेखि बिशेष भुमिका र योगदान पुऱ्याउने उत्कृष्ट ब्यक्ति तथा संघसंस्था वा निकायलाई प्रोत्साहन स्वरुप स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मानस्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

## २५.वार्षिक प्रतिवेदन:

(क) प्रत्येक आर्थिक वर्षमा समितिले गरेको कार्य विवरण सहितको वार्षिक प्रतिवेदन तयार पारी नगर कार्यपालिका मार्फत नगर सभामा पेश गर्नुपर्नेछ ।

उपदफ (क) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिकरुपमा प्रकाशन गर्नु पर्नेछ । नगर कार्यपालिकाले स्वीकृत गरेको वार्षिक प्रतिवेदनलाई जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समिति र जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रमा पठाउनुपर्नेछ ।

**२६.प्रशासनिक खर्च ब्यवस्थापन:**(क)स्थानीय विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु, प्रतिवेदन,तथा अन्य दस्तावेजहरुको तयारी, विभिन्न संघसंस्थाहरुसँग समन्वयका लागि पत्राचार लगायतका विविध कार्य गर्नका लागि आवश्यक न्यूनतम प्रशासनिक खर्चको ब्यवस्थापन नगरपालिका कार्यालयले गनुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको प्रशासनिक खर्च ब्यवस्थापनका लागि नगरपालिकाले सेवाग्राहीहरुलाई उपलब्ध गराउने सिफारिस शुल्कमा न्यूनतम शुल्क बृद्धि गरी प्राप्त हुने सहयोग दस्तुर विपद्

व्यवस्थापन समितिको खातामा जम्मा गरी प्राप्त ब्याजबाट प्रशासनिक खर्च व्यवस्थापन गरिनेछ र उक्त रकम पारदर्शी रुपले खर्च गरी अन्य खर्च सरह आर्थिक हिसाव राख्ने व्यवस्था मिलाउनेछ ।

**२७.अधिकार प्रत्यायोजन:**नगरपालिकाद्वारा निर्माण गरेको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७५ तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता बमोजिम अन्य केही अधिकार स्थानीय विपद् व्यवस्थापन समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२८.नियम बनाउने अधिकार:**नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक पर्ने स्थानीय परिवेश अनुरुपका नीति, नियम, मापदण्ड तथा कार्यविधि बनाउन सक्नेछ ।

**२९. स्वत: बदर हुने:**यस ऐन अन्तर्गत रहेका नियमहरु संघीय तथा प्रादेशिक कानुनसँग बाझिएको अवस्थामा त्यस्ता नियम र दफाहरु बाझिएको हदसम्मस्वत:बदर भएको मानिनेछ ।